# आगलागी नियन्त्रण पूर्वतयारी कार्ययोजना, २०८१

(जिल्ला विपद् ब्यवस्थापन समिति, सुर्खेतको मिति २०८१ चैत्र ६ गतेको बैठकबाट पारित)

| क्र.सं. | क्रियाकलापहरु | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | विधि | समय सारिणी | अपेक्षित उपलब्धी | सूचक |
|---|---|---|---|---|---|---|---|
| १ | आगलागी हुन सक्ने क्षेत्रको पहिचान | स्थानीय तह | डिभिजन वन कार्यालय | डिभिजन वन कार्यालयले वन डढेलोको उच्च जोखिम रहेका क्षेत्रहरुको पहिचान गरी विवरण तयार गर्ने | २०८१ चैत्रको दोस्रो हप्ता | जोखिमयुक्त क्षेत्रमा सतर्कता अपनाउन सूचना उपलब्ध हुने | जोखिमयुक्त क्षेत्रको विवरण |
| २ | आगलागी गराउने वा गराउन उद्योग गर्न सक्ने पक्षको पूर्वानुमान र निगरानी | वन उपभोक्ता समूह | वडा कार्यालय, सव डिभिजन वन कार्यालय, प्रहरी चौकी र राअवि | सव डिभिजन वन कार्यालय, वडा कार्यालय, प्रहरी चौकी, राअविले सुक्ष्म रुपमा सूचना सङ्कलन गरी डिभिजनल वन अधिकृतलाई सूचना उपलब्ध गराउने | निरन्तर | आगलागी गराउने पक्षको पहिचान र कारवाही | सुराकी प्रतिवेदन |
| ३ | आगलागी हुनासाथ तुरुन्तै नियन्त्रणमा लिई निभाउने | वन उपभोक्ता समूह, स्थानीय तह र टोल समिति | डिभिजन वन कार्यालय र सुरक्षा निकाय | आगो फैलिन नदिइ तुरुन्तै स्थानीयस्तरबाट निभाउन टोलस्तरमा जनसमुदायको सहभागितामा वडा कार्यालयबाट Rapid Fire Control Team RFCT गठन गर्ने। | निरन्तर | आगो फैलिन नपाइ ठूलो क्षति हुनबाट बचाउने | RFCT विवरण र गरिएका कार्य विवरण |
| ४ | स्थानीय स्तरबाट आगलागी नियन्त्रण हुन नसकेको अवस्थामा आगलागी नियन्त्रण गर्न जनशक्ति परिचालन | जिल्ला विपद् ब्यवस्थापन समिति | स्थानीय तह, डिभिजन वन कार्यालय, सुरक्षा निकाय | DDMC को निर्णय/ प्रजिअको समन्वयमा जनशक्ति र स्रोत साधन परिचालन गरी आगलागी नियन्त्रण गर्ने | निरन्तर | आगलागी नियन्त्रण हुने | गरिएको कामको डिभिजन वन कार्यालयबाट तयार गरिएको एकीकृत प्रतिवेदन |

| क्र.सं. | क्रियाकलापहरु | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | विधि | समय सारिणी | अपेक्षित उपलब्धी | सूचक |
|---|---|---|---|---|---|---|---|
| ५ | आगलागी हुन नदिन जनचेतना अभिबृद्दी र आम नागरिक सहयोग जुटाउन प्रचार प्रसार सामग्री उत्पादन र प्रसारण | डिभिजन वन कार्यालय | सञ्चार माध्यम, गैसस | डिभिजन वन कार्यालयले जनचेतनामूलक सामग्री विकास गरी सञ्चार माध्यम, वेभसाइट, सामाजिक सञ्जालबाट प्रकाशन/प्रशारण गराउने | २०८१ चैत्रको दोस्रो हप्ता | सचेतना अभिबृद्दि हुने | विकसित सामग्री र प्रकाशन/प्रशारण विवरण |
| ६ | निकायगत कार्य सम्पादन सक्रियता र उपलब्धीको लेखाजोखा र अनुगमन | जिसस प्रमुख, प्रजिअ, सबै स्थानीय तह प्रमुख/अध्यक्ष | गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश | मातहत निकायको जिम्मेवारी पालना गराउन समन्वय, सहजीकरण गरी सम्पादित कार्यको लेखाजोखा तथा अनुगमन गरी प्रतिवेदन DDMC बैठकमा प्रस्तुत गर्ने | अनुगमन निरन्तर र प्रतिवेदन २०८२ आषाढ | अन्तरनिकाय समन्वय र उत्तरदायित्व र जवाफदेहीता वृद्दि हुने | प्रतिवेदन |
| ७ | अन्तरनिकाय योगदान र सम्पादित कार्यको प्रतिवेदन प्रस्तुती एवं समिक्षा र भावी शिक्षा | विपद् ब्यवस्थापन विषयगत क्षेत्र | जिल्ला विपद् ब्यवस्थापन समिति | अनुगमन गर्ने निकायको प्रतिवेदन DDMC को बैठकमा प्रस्तुत भइ समीक्षा गरी आगामी दिनका लागि उपयुक्त रणनीति पहिचान | २०८२ आषाढ | जिम्मेवारी पालना मापन र भावी दिनको लागि शिक्षा प्राप्ती | बैठक निर्णय |